# इलाम नगरपालिका नगर कार्यपालिकाको सातौं बैठकका निर्णयहरु

निर्णय नं. १

नगरपालिका द्वारा संचालन हुदै आएको खानेपानीको पुरानो लाइनका खानेपानी आपूर्ति बन्द रहेका धाराहरुको महसुल २०७९ साल भाद्र महिनाको रिडिङ भएको दरमा असुल गर्ने २०७९/०७/०४ को कार्यपालिका बैठकबाट निर्णय भएकोमा कतिपय धाराहरुको भाद्र महिनाको रिडिङमा अघिल्लो महिना र पछिल्लो महिनाको अवधिको समेत मिटर अंक गाभिएका कारण अघिल्ला महिनाहरुमा भन्दा भाद्र महिनाको महसुल अत्याधिक धैरै कायम भएको भनि जनगुनासो आएको हुंदा महसुल असुल गर्न बाँकी सबै धाराहरुको महसुल २०७९ साल असार श्रावण र भाद्र महिनाको महसुलको औषतबाट कायम हुने दरमा खानेपानी महसुल असुल गर्ने ।

निर्णय नं. २

इलाम नगरपालिकाको गाइ खरिदमा अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७९ को मस्यौदालाइ पारित गर्ने ।

निर्णय नं ३

इलाम नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९ को मस्यौदालाइ पारित गर्ने ।

निर्णय नं. ४

इलाम नगरपालिकाको स्वास्थ्य हेल्पडेस्क संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदालाइ पारित गर्ने ।

निर्णय नं. ५

५ नं. वडा कार्यालयको च.नं. ३४२ र २९१ मिति २०७९/०८/०७ र २०७९/०७/१६ को पत्र बमोजिम देहाय बमोजिम रकमान्तर गर्ने ।

| क्र.स. | साविक योजनाको नाम | रकमान्तर हुनु पर्ने शिर्षक |
|---|---|---|
| १९४ | वडा सरसफाइ समितिको कार्ययोजना कार्यान्वियन रु १००००० | सफ्टवेयर तथा नागरिक बडापत्र तयार रु १००००० |
| १८३ | श्रमिक / सूचीकृत बेरोजगार हरुलाइ तालिम अभिमुखीकरण ५००००० | कार्यालयको लागि ल्यापटप खरिद रु. १३०००० |
| | | मोवाइल मर्मत तालिम १००००० |
| | | ढाका बुन्ने तालिम १००००० |
| | | कृषकलाइ टनेल वितरण कार्यक्रम १७०००० |

निर्णय नं. ६

मिति २०७८/०८/१० मा नगरपालिका र इश्वरी तामाङ समेत विच भएको संझौता बमोजिम दोश्रो पक्षले जम्मा गरेको रकम रु ५५०००० रकमबाट नगरपालिकाले गर्नु पर्ने मिनिंहलको मर्मत सुधारको कार्य दोश्रो पक्षले नै सम्पन्न गरेको हुंदा निजले गरेको कार्यको प्राविधिक मूल्याङकनका आधारमा रु ५५०००० बराबरको कार्यको भुक्तानी नगरपालिकाले दिने र दोश्रो पक्षले मर्मत सुधारमा गरेको प्राविधक मुल्याङकन बमोजिमको रु. ५८५००० रकमलाइ दोश्रो पक्षको लगानी रकम कायम गरि सोही रकमबाट मासिक भाडाको आधा रकम कट्टी हुंदै जाने प्रत्येक २ बर्षमा भाडा रकम १० प्रतिशतका दरले बृद्धि हुने शर्त राखि मिति २०७८/०८/१० को संझौता अन्त्य गरि नयाँ संझौता गर्न कार्यालयलाइ निर्देशन दिने ।

निर्णय नं ७

इलाम नगरपालिका बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७७ मा देहाय बमोजिम संसोधन गर्ने

दफा १४ (१क) मा उपप्रमुखले तोकेको कार्यपालिका सदस्यको सट्टामा उप-प्रमुख राखे

दफा १४ (१ज) मा ......खण्ड च बमोजिमको सदस्यमा मनोनयनका लागि भन्ने शब्दावलीको सट्टामा खण्ड छ बमोजिमको सदस्यमा मनोनयनका लागि भन्ने शब्द राखे

निर्णय नं.८

इलाम नगरपालिकाको आ.व.०७९/०८० को प्रथम चौमासिक अवधिमा भएका कार्य तथा खर्चको प्रगति विवरण सम्बन्धमा छलफल तथा समीक्षा गरियो साथै बाँकी कार्यहरु तोकिएको समयमा नै सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।